गण्डकी प्रदेश सरकार

# उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय

पोखरा, नेपाल

(प्रशासन महाशाखा)

पत्र संख्या :- २०८०/०८१

चलानी नं. :-

## गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ बमोजिम तह वृद्धि गर्ने सम्वन्धी सूचना ।

**सूचना नं. ०१/२०८०-८१(तह वृद्धि)** **सूचना प्रकाशन मितिः- २०८०/०९/२०**

प्रस्तुत विषयमा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २८ मा भएको तह वृद्धि सम्बन्धी व्यबस्था बमोजिम तपशिल उल्लेखित शर्तहरु पुरा भएका गण्डकी प्रदेश निजामती सेवामा कार्यरत ईच्छुक स्थायी कर्मचारीहरुले गण्डकी प्रदेश निजामती सेवा नियमावली २०७९ को अनुसुची-१९ बमोजिमको फाराम भरी फाराममा उल्लेखित विवरण खुलाई नेपाली कागजमा प्रिन्ट गरी आँफु कार्यरत कार्यालयको कार्यालय प्रमुखबाट प्रमाणित गराई दुई प्रति तयार गरि मिति २०८०।०९।२९ भित्र यस मन्त्रालयको प्रशासन शाखामा बुझाउनका लागि यस मन्त्रालयको मिति २०८०/०९/२० को निर्णयानुसार अनुरोध छ । साथै म्याद नाघी प्राप्त हुन आएका, सम्पूर्ण विवरण भरी पेश नभएका र तोकिए बमोजिमका कागजात संलग्न नभएका आवेदनलाई तह वृद्धिको प्रक्रियामा सामेल नगराईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

<u>तह वृद्धिका लागि आवश्यक शर्त तथा योग्यताः-</u>

१. गण्डकी प्रदेश निजामती सेवाको अधिकृतस्तर छैटौ, आठौ र दशौ तह (प्राविधिक/अप्राविधिक) को पदमा हुने तह वृद्धिको लागि क्रमशः साहायकस्तर पाचौ, अधिकृतस्तर सातौ र अधिकृतस्तर नवौ तहको पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेको, सो तहको पदमा कम्तिमा पाँच वर्ष सेवाअवधि पूरा भएको र पछिल्लो पाँच आ.व.को कार्यसम्पादन मूल्यांङ्कनमा औषत पन्चानब्बे प्रतिशत अङ्क वा सो भन्दा बढी अङ्क प्राप्त गरेको हुनुपर्ने तथा गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को परिच्छेद-५, दफा २८ (२) बमोजिम हुने ।

२. सेवा अवधि गणना गर्दा समायोजन हुनु पूर्वको समान तह वा श्रेणीको पदमा स्थायी नियुक्ति पाई कार्य गरेको अवधि समेतलाई गणना गरिनेछ ।

३. गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३३ बमोजिम तह वृद्धिका लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनुपर्नेछ।यस प्रयोजनका लागि ऐनको दफा ३३ बमोजिम अयोग्य ठहर नभएको र नकारात्मक सूचिमा नपरेको भनी उम्मेदवार स्वयंले स्व-घोषणा गरी पेश गर्नुपर्नेछ ।

४. आवेदन फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

५. आवेदन फारामसाथ तह वृद्धि हुने पद भन्दा एक तह मुनिको पद वा श्रेणीमा भएको स्थायी नियुक्तिको प्रमाणित प्रतिलिपि र कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम गण्डकी प्रदेशमा समायोजन भएको समायोजन पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

६. कर्मचारीको अद्यावधिक विवरण । (PIS)

माधव राज मरासिनी

माधव राज मरासिनी

उपसचिव

उपसचिव



टेलिफोन नं : ०६१-४६०८३२, ४६०८३३, ४६०७७१,४६०७७२

वेबसाइटः moewrws.gandaki.gov.np

इमेलः moewrws.gandaki@gmail.com